# प्रेस विज्ञप्ति

आज मिति २०७२ साल जेठ ३२ गते लोक सेवा आयोगका माननीय अध्यक्ष, सदस्यहरु र सचिवसमेतका पदाधिकारीहरुले संविधानसभाका सम्माननीय अध्यक्ष श्री सुवासचन्द्र नेम्वाङज्यूसँग भेट गरी संविधानसभाबाट निर्माण हुन गइरहेको नेपालको भावी संविधानमा लोक सेवा आयोग र सार्वजनिक सेवाका सम्बन्धमा समावेश गर्नुपर्ने विषयहरुसम्बन्धी लोक सेवा आयोगको अवधारणा प्रस्तुत गरियो । प्रस्तुत अवधारणामा भावी संविधानमा विशेष गरी लोक सेवा आयोगको संघीय र प्रादेशिक संरचना, तिनका काम, कर्तव्य र अधिकारका सम्बन्धमा समावेश गर्नुपर्ने विषयहरु उल्लेख गरिएको छ । नेपालको सार्वजनिक सेवालाई व्यवस्थित, मर्यादित र संघीय संरचना अनुरुप बनाउनका लागि सार्वजनिक सेवा अन्तर्गत संघीय, प्रादेशिक, स्थानीय, प्रहरी, सैनिक लगायत अन्य आवश्यक सेवाहरुको व्यवस्था संविधानमा नै गर्न उपयुक्त हुने धारणा आयोगका तर्फबाट प्रस्तुत गरिएको थियो ।

भावी संविधानमा लोक सेवा आयोग र सार्वजनिक सेवाका सम्बन्धमा गर्नुपर्ने व्यवस्था सम्बन्धी लोक सेवा आयोगको धारणा प्रस्तुत भएकोमा संविधानसभाका सम्माननीय अध्यक्षज्यूले आयोगका अध्यक्ष लगायतका पदाधिकारीहरुलाई धन्यवाद दिँदै संविधान मस्यौदा निर्माणकै क्रममा भएकोले उक्त धारणाहरु भावी संविधानमा समावेश गर्न सकिने अवस्था विद्यमान रहेको धारणा प्रस्तुत गर्नुभयो । यसरी आयोगबाट अवधारणा प्रस्तुत गर्ने क्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनाली, माननीय सदस्यहरु श्री विन्द्रा हाडा, डा. गोविन्दप्रसाद कुसुम, श्री श्रीपुरुष ढकाल, श्री अशोककुमार झा, श्री व्रह्मदेव राय, श्री कृष्णचन्द्र झा, आयोगका सचिव श्री विष्णुप्रसाद लम्साल र व्यवस्थापिका संसदका महासचिव श्री मनोहरप्रसाद भट्टराईको उपस्थिति रहेको थियो ।